नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३-१०
चलानी नं. : ४

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले अभौतिक कारोबारलाई प्रोत्साहन दिनका लागि मिति २०७२/०४/०८ गते देखि पन्ध्र दिन सम्मका लागि तपशिल बमोजिमका थप बीस वटा कम्पनीको धितोपत्र भौतिक रुपमा बिक्री गर्न सक्ने तर खरिदकर्ताले अभौतिक रुपमा स्वामित्व प्राप्त गर्नु पर्ने र मिति २०७२/०४/२४ गते देखि धितोपत्रको कारोबार र राफसाफ कार्य विनियमावलीको अधिनमा रही पूर्ण रुपमा अभौतिक रुपमा शुरु गर्ने निर्णय गरेको व्यहोरा यसै प्रेस विज्ञप्ति मार्फत् सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराईन्छ। सो कार्यका लागि साविककै देहाय बमोजिमका प्रकृयाहरु अवलम्बन गरिनेछ :

### तपशिल:

१. नेपाल ईन्भेष्टमेन्ट बैंक लि.
२. स्ट्यान्डर्ड चाटर्ड बैंक नेपाल लि.
३. सानिमा माई हाईड्रोपावर लि.
४. ज्योति विकास बैंक लि.
५. निर्धन उत्थान बैंक लि.
६. प्रूडेन्सियल ईन्स्योरेन्स क. लि.
७. एनआईडिसि डेभलपमेन्ट बैंक लि.
८. सिद्धार्थ इन्स्योरेन्स लि.
९. एनएलजि इन्स्योरेन्स कम्पनी लि.
१०. लुम्बिनी जनरल इन्स्योरेन्स क. लि.
११. सगरमाथा इन्स्योरेन्स क. लि.
१२. नेको इन्स्योरेन्स लि.
१३. सोल्टी होटल लि.
१४. जनता बैंक नेपाल लि.
१५. प्राइम कमर्सियल बैंक लि.
१६. कालिका माइक्रो क्रेडिट डेभलपमेन्ट बैंक लि.
१७. नेपाल दूरसंचार कम्पनी लि.
१८. नयाँ नेपाल लघुवित्त विकास बैंक लि.
१९. आईसिएफसि फाईनान्स लि.
२०. सिद्धार्थ फाइनान्स लि.

### प्रकृयाहरु

- छानिएका कम्पनीका शेयर भौतिक वा अभौतिक रुपमा बिक्री गरिनेछ र खरिदकर्तालाई अभौतिक रुपमा हस्तान्तरण गरिनेछ।
- छानिएका कम्पनीका Blank Transfer (BT) मा रहेका शेयर तथा अनुसूची बिक्री गर्न चाहनेले मिति २०७२/०४/२३ गते भित्र बिक्री गर्नु पर्नेछ।
- तोकिएको अवधि भित्र बिक्री नगरेमा सो लाई सम्बन्धित निकायमा पठाएर भौतिकीकरण गर्ने वा अभौतिकिकरण गर्नु पर्नेछ।
- छानिएका कम्पनीहरुको कारोबार र राफसाफ मिति २०७२/०४/२४ गते देखि पूर्ण रुपमा अभौतिक रुपमा गर्नु पर्नेछ।
- सिडिएससिमा दर्ता भएका अन्य कम्पनीहरुको हकमा धितोपत्रको अभौतिकीकरण तथा कारोबार र सो को राफसाफ सम्बन्धमा **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** मा भएको व्यवस्था यथावत् रहनेछ।

**नोट:** यसै सन्दर्भमा सम्पूर्ण शेयरधनी महानुभावहरुले निक्षेप सदस्यकोमा गई अविलम्ब डिम्याट् खाता खोली अभौतिक धितोपत्रको कारोबार गरी सहयोग गर्नु हुन समेत अनुरोध गर्दछौं।

मिति : २०७२/०४/०७

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com